# भर्मोंटको डिजिटल समानता (इक्विटी) योजनाको सारांश

## VCBB र भर्मोंटको डिजिटल समानता (इक्विटी) योजना के हो?

भर्मोंट कम्युनिटी ब्रोडब्यान्ड बोर्ड (VCBB) भर्मोंटका बासिन्दाहरु (भर्मोंटमा बसोबास गर्ने कुनै पनि व्यक्ति) का लागि भरपर्दो, उच्च-गुणस्तरीय, किफायती ब्रोडब्यान्ड अथवा इंटरनेट कनेक्शन उपलब्ध गराउनका लागि शुरु गरिएको थियो। विद्यालय, कार्यालय, पसल, स्वास्थ्य सेवा लिने, चलचित्रहरु र शोहरु हेर्ने र साथी-भाई अनि परिवारका सदस्यहरुसंग कुराकानी गर्ने जस्ता आधारभूत, दैनिक क्रियाकलापहरु गर्नका लागि इंटरनेट अत्यन्त जरुरी हुन्छ।

भर्मोंट बासिन्दाहरुका लागि भरपर्दो र किफायती इंटरनेट कनेक्शन उपलब्ध गराउनका लागि भर्मोंटका सांसद (कानून-निर्माता) हरुले भर्मोंट कम्युनिटी ब्रोडब्यान्ड बोर्डको स्थापना गरे। ब्रोडब्यान्ड कार्यालय, विद्यालय र किनमेल गर्नका लागि आवश्यक पर्ने उच्च-गुणस्तरीय अनि तेज इंटरनेट हो। यो भिडियो स्ट्रीमिंग र साथी-भाई अनि परिवारका सदस्यहरुसंग कुराकानी गर्नका लागि पनि धेरै उत्तम हुन्छ।

सन् २०२१ मा, हरेकको इन्टरनेट सम्म पहुँच सुनिश्चित गर्न र त्यसबाट फाइदा लिन सक्ने अवसर उपलब्ध गराउन कांग्रेसले ४२.४५ अरब डॉलरको आधारभूत पूर्वाधार र रोजगार कानून (इंफ्रास्ट्रक्चर एंड जब्स एक्ट) पारित गर्यो। त्यस बजेटको एक खंड राज्यव्यापी डिजिटल समानता (इक्विटी) योजना र कार्यक्रम विकसित गर्नका लागि भर्मोंटलाई प्राप्त भयो।

भर्मोंट कम्युनिटी ब्रोडब्यान्ड बोर्डले भर्मोंटको डिजिटल समानता (इक्विटी) को योजना निर्माण गर्यो। यसलाई हालैमा संघीय सरकारद्वारा अनुमोदन प्राप्त भएको छ। यो त्यस योजनाको सारांश हो। तपाईं निम्न लिंकमा क्लिक गरेर सम्पूर्ण योजना पढ्न सक्नु हुन्छ: भर्मोंटको डिजिटल समानता (इक्विटी) योजना। यदि तपाईं आफ्नो भाषामा यस डिजिटल समानता (इक्विटी) योजना पढ्न चाहनु हुन्छ भने, तपाईं Britaney.Watson@vermont.gov मा ब्रिटानी वाटसनलाई संपर्क गरेर यस योजनालाई नि:शुल्क अनुवाद गराउनका लागि अनुरोध पेश गर्न सक्नु हुन्छ।

## "डिजिटल (समानता) इक्विटी" को तात्पर्य के हो?

यसको मतलब, प्रत्येक व्यक्तिलाई संयुक्त राज्य अमेरिकाको समाज र अर्थव्यवस्थामा पूर्ण तवरले सहभागिता जनाउनका लागि इंटरनेटमा पहुँच लगायत डिजिटल प्रविधिसम्म निष्पक्ष अनि समान (न्यायसंगत) पहुँच उपलब्ध गराउनु हो।

डिजिटल (समानता) इक्विटीको मतलब, सर्वसाधारण अनि समुदायलाई समाज र अर्थव्यवस्थाको अंश बन्नका लागि जरूरी पर्ने संसाधन उपलब्ध हुनु हो। यसको तात्पर्य प्रत्येक व्यक्तिसंग ब्रोडब्यान्ड र उपकरणहरुको पहुँच हुनु हो, र त्यसलाई कसरी उपयोग गर्ने भन्ने बारेको जानकारी उनीहरुमा हुनु हो।

## समस्या

भर्मोंटको डिजिटल समानता (इक्विटी) योजनालाई भर्मोंटका बासिन्दाहरु र उनीहरुलाई सेवा उपलब्ध गराउने संस्थाहरुको सार्वजनिक सुझावको आधारमा बनाइएको थियो। हामीले सार्वजनिक सुझाव सत्रहरु, केन्द्रित (फोकस) समूहहरु, ईमेल, फोन कल अनि अन्तरवार्ताहरुको मध्यमबाट भर्मोंटका बासिन्दाहरुका कुरा सुन्यौं। तसर्थ, हामीलाई जानकारी भयो कि धेरै बाधाहरु र चुनौतीहरुका कारण मानिसहरु इन्टरनेटबाट टाढा थिए।

भर्मोंटका बासिन्दाहरुले जे-जस्ता जानकारी दिए, त्यसको आधारमा हामीले डिजिटल समानता (इक्विटी) योजना तैयार पार्यौं। हामीले अन्तरवार्ताहरु लियौं, फोन कलहरु गर्यौं, केन्द्रित (फोकस) समुहहरु बनायौं र सार्वजनिक सुझाव सत्रहरु आयोजित गर्यौं। यसबाट हामीलाई यो जानकारी प्राप्त भयो कि भर्मोंटमा डिजिटल साक्षरतामा निम्न समस्याहरु छन्:

1. उनीहरु बसोबास गर्ने ठाउँमा ब्रोडब्यान्ड (इंटरनेट) सेवा उपलब्ध छैन।
2. ब्रोडब्यान्ड (इंटरनेट) असाध्यै महँगो छ।
3. बासिन्दाहरुसंग इंटरनेट चलाउनका लागि कंप्यूटर अथवा अन्य उपकरणहरु उपलब्ध छैन।
4. बासिन्दाहरुलाई इंटरनेट सेवा आवश्यक लाग्दैन।
5. बासिन्दाहरुले पूर्ण अनि सुरक्षित तवरले इंटरनेट चलाउन जान्दैनन्।

**योजना**

भर्मोंटको योजना ती संगठनहरुसंग मिलेर काम गर्नु हो जो पहिले देखि नै भर्मोंटका बासिन्दाहरुलाई मद्दत पुर्याउँदै आई रहेका छन्। हामी राज्य अनि सामाजिक सेवा संगठनहरु र स्थानीय सामुदायिक सहायता (एंकर) संस्थाहरु (पुस्तकालयहरु, कलेजहरु, विश्वविद्यालयहरु, श्रम/कार्यबल विकास संस्थाहरु, कम्पनीहरु, र गैर-लाभकारी संस्थाहरु जस्ता टोल-छिमेकमा अवस्थित ठाउँहरुमा मानिसहरु जानकारी लिनका लागि जान्छन्) संग सहकार्य गर्नेछौं।

भर्मोंटमा धैरै संस्थाहरु छन् जो भर्मोंट बासीहरुलाई सहायता गर्दै आई रहेका छन्। यी राज्यका निकायहरु, गैर-लाभकारीहरु, कम्पनीहरु, र पुस्तकालयहरु पनि हुन सक्छन्। हाम्रो योजना भनेको भर्मोंटमा डिजिटल समानता (इक्विटी) ल्याउनका लागि उनीहरुसंग सहकार्य गर्नु हो।

भर्मोंटसंग डिजिटल समानता (इक्विटी) सम्म पुग्नका लागि पाँच लक्षहरु छन्। प्रत्यक्ष लक्ष भित्र यस्ता तरिकाहरु उल्लेखित छन् जसद्वारा भर्मोंटको डिजिटल समानता (इक्विटी) योजनाको लक्ष प्राप्तिका निम्ति प्रयास गरिनेछ।

1. ब्रोडब्यान्ड निर्माण गर्ने ताकि भर्मोंटका सबै ठेगानाहरुमा भरपर्दो इंटरनेट कनेक्शन उपलब्ध होस्।
    - भर्मोंटका प्रत्येक इलाका (टाउन) मा सिमेट्रिकल गीगाबिट Mbps ब्रोडब्यान्ड सेवामा पहुंच सहित कम से कम एउटा सामुदायिक एंकर संस्था रहेको सुनिश्चित गर्ने।
    - उपकरण स्थापित गर्नका लागि सामुदायिक साझेदारहरु र इंटरनेट सेवा प्रदायकहरुसंग मिलेर काम गर्ने ताकि ती भवनहरु बाहिर वाई-फाई उपलब्ध रहोस्, जहां घर-बार बिहिन व्यक्ति सेवाहरु (आश्रय, फूड शेल्व्स, आदि) लिन का लागि आउँछन्।
2. सेवा चीर-स्थाई र समुदाय संचालित भएको सुनिश्चित गर्ने।
    - बासिन्दाहरुका लागि इंटरनेट सेवाको सम्बन्धमा हामीसंग विचारहरु र प्रतिक्रिया साट्न एउटा सजिलो तरिका उपलब्ध गराउने।
    - प्रत्येक सामुदायिक एंकर संस्थासंग डिजिटल समानता (इक्विटी) सेवाहरुको सम्बन्धमा विभिन्न भाषाहरुमा सुलभ जानकारी उपलब्ध रहेको कुरा सुनिश्चित गर्ने।

- उपकरण उधारोमा लिने व्यवस्था गर्ने ताकि भर्मोंटका बासिन्दाहरु कंप्यूटर, ट्याबलेट अथवा सहायक प्रविधि पैंचोमा लिन सकून्।

3. इंटरनेट सेवा किफायती रहेको सुनिश्चित गर्ने।
    - ब्रोडब्यान्ड किफायती बनाउनमा सहायताका लागि व्यवस्थाहरु उपलब्ध भएको सुनिश्चित गर्नका लागि इंटरनेट सेवा प्रदायकहरुसंग सहकार्य गर्ने, त्यसको प्रचार-प्रसार गर्ने, अनि सुनिश्चित गर्ने कि बासिन्दाहरु यसलाई प्रयोग गरि रहेका छन्।
    - अपाङ्ग व्यक्तिहरुका लागि सहायक प्रविधि प्राप्त गर्नमा सहायक संसाधनहरुको उपलब्धताको बारेमा बासिन्दाहरु माझ जानकारी भएको कुरा सुनिश्चित गर्ने।
    - जुन घरमा हाई स्कूलमा पठन-पाठन गर्ने विद्यार्थी बसोबास गर्दछ, त्यस घरमा एउटा जडित उपकरण (कनेक्टेड डिवाइस) र सहायक प्रविधि (यदि आवश्यक भए) उपलब्ध भएको सुनिश्चित गर्ने।
    - संस्थाहरुसंग सहकार्य गर्ने कुरामा ध्यान दिने ताकि सबै छात्र-छात्राहरुसंग एउटा कनेक्टेड डिवाइस रहेको सुनिश्चित गर्न सकियोस्।
4. भर्मोंटका बासिन्दाहरु र कारोबारहरुका लागि स्कूल, मनोरंजन, स्वास्थ्य सेवा र अन्य चीजहरुमा इंटरनेटको प्रयोग गर्न सम्भव बनाउने।
    - सबै भर्मोंट बासिन्दाहरुसंग कंप्यूटर र इंटरनेटलाई सुरक्षित तवरले प्रयोग गर्न सिक्नका लागि सहायता उपलब्ध भएको सुनिश्चित गर्ने। सहायता सबैका लागि सुलभ रहने र विभिन्न भाषाहरुमा उपलब्ध रहने छ।
    - डिजिटल समानता (इक्विटी) का संसाधनहरु अमेरिकी सांकेतिक भाषा र ब्रेल लगायत अन्य धेरै भाषाहरुमा सुलभ र अनुवादित रहने छन्।
    - एउटा फोन नंबर उपलब्ध गराउने जसमा बासिन्दाहरुलाई डिजिटल समानता (इक्विटी) का संसाधनहरुसंग सम्बन्धित जानकारीका लागि कल गर्ने सुविधा रहोस्।
    - बासिन्दाहरुलाई इंटरनेट र कंप्यूटरको प्रयोग सुरक्षित तवरले गर्न सिक्नका लागि एउटा डिजिटल नेविगेटर कार्यक्रम तैयार गर्ने। डिजिटल नेविगेटरका लागि त्यस्ता व्यक्तिहरु नियुक्त गर्ने जो त्यहि समुदायमा बसोबास गर्दछन् जहाँ कार्यरत छन्।
    - अनलाइन रहेका वर्तमान सार्वजनिक सेवाहरु सुलभ रहेको सुनिश्चित गर्ने।
5. भर्मोंटका बासिन्दाहरुलाई ब्रोडब्यान्ड र प्रविधिमा रोजगार उपलब्ध गराउनमा सहायता गर्ने अथवा नयाँ डिजिटल कौशल सिक्नमा मद्दत गर्ने जसले उनीहरुलाई अन्य किसिमका रोजगारहरु पाउनमा मद्दत गर्नेछन्।

## यो योजना कसको लागि हो?

भर्मोंटमा अन्यहरुको तुलनामा अनलाइन आउनमा असमर्थ रहेको भनि विशेष पहिचान गरिएका समुदायका सबै बासिन्दाहरुका लागि यो योजना उपलब्ध छ:

- न्यून आय भएका व्यक्तिहरु (गरीबी-रेखाको १५० प्रतिशत भन्दा कम आय भएको परिवार)
- ५९ वर्ष भन्दा माथिका व्यक्तिहरु
- झ्यालखानामा रहेका व्यक्तिहरु
- सेवानिवृत्त सैनिक
- अपाङ्ग व्यक्तिहरु
- अंग्रेजी सिक्दै गरेका व्यक्तिहरु अथवा ती व्यक्तिहरु जसलाई पठन-पाठनमा समस्या छ।
- त्यस्ता व्यक्तिहरु जो नस्लीय अथवा जातीय अल्पसंख्यक समूहका सदस्य हुन्

- ग्रामीण क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु

**समयावधि**
२०२४

- सार्वजनिक सुझावहरु लिन जारी राख्ने
- एउटा डिजिटल नेविगेटर प्रोग्राम शुरु गर्ने
- साझेदार संस्थाहरु खोज्न जारी राख्ने
- उप-अनुदान दिने (डिजिटल इक्विटीको काम गर्नका लागि अन्य संस्थाहरुलाई पैसा)
- वार्षिक डिजिटल इक्विटी सर्वेक्षण सम्पन्न गर्ने

२०२५

- कार्यक्रमहरु शुरु गर्ने
- एउटा डिजिटल इक्विटी ड्याशबोर्ड शुरू गर्ने (वेबसाइटमा भर्मोंट डिजिटल समानता (इक्विटी) मा कुन किसिमले सुधार हुँदैछ भनि दर्शाउने)
- डिजिटल इक्विटी रिपोर्ट तैयार पार्ने
- वार्षिक डिजिटल इक्विटी सर्वेक्षण गर्ने

२०२६

- कार्यक्रमहरु जारी राख्ने
- डिजिटल इक्विटी ड्याशबोर्ड जारी राख्ने
- डिजिटल इक्विटी रिपोर्ट तैयार पार्ने
- वार्षिक डिजिटल इक्विटी सर्वेक्षण गर्ने

२०२७

- कार्यक्रम चीर-स्थाई (जारी राख्न सकिने) रहेको सत्यापित अथवा पुष्टि गर्ने
- डिजिटल इक्विटी ड्याशबोर्ड जारी राख्ने
- डिजिटल इक्विटी रिपोर्ट तैयार पार्ने
- वार्षिक डिजिटल इक्विटी सर्वेक्षण गर्ने

२०२८

- चीर-स्थायित्व (निरन्तरता) सुनिश्चित गर्नका लागि कार्यक्रमहरुको समीक्षा गर्ने
- वार्षिक डिजिटल इक्विटी सर्वेक्षण गर्ने
- एउटा नयाँ डिजिटल इक्विटी योजना बनाउने

**२०३४ सम्म भर्मोंटको डिजिटल समानता (इक्विटी) योजनाका लक्षहरु**

- भर्मोंटका सबै घरहरुमा भरपर्दो अनि किफायती इंटरनेट सेवा (ब्रोडब्यान्ड) उपलब्ध रहेको सुनिश्चित गर्ने, यदि उनीहरु यस सेवालाई लिन चाहन्छन् भने।
- कम से कम भर्मोंटका ९०% बासिन्दाहरुले सेवा लिन सघाउने।
- यो सेवा लिनमा मद्दतका लागि योग्य ठहरिएका कम से कम ७०% व्यक्तिहरुले सहायताका लागि आवेदन।
- ९५% घरहरुमा ल्यापटप, ट्याबलेट अथवा कंप्यूटर।

- भर्मोंटका ८०% बासिन्दाहरुको भनाई छ कि उनीहरुलाई इंटरनेट प्रयोग गर्न आउँछ र यसलाई उनीहरु सुरक्षित रूपले गर्न जान्दछन्।
- ब्रोडब्यान्डमा कम से कम २०० वटा नयाँ रोजगारहरु छन्।
- भर्मोंटका बासिन्दाहरु उपलब्ध सेवाहरुको बारेमा जान्न र उपयोगका लागि इंटरनेट प्रयोग गर्न सक्दछन्।
- राज्य-स्तरीय कार्यालय र संगठनहरु जो सेवाग्राहीहरुलाई सहायता प्रदान गर्दछन् उनीहरुले डिजिटल समानता (इक्विटी) लाई आफ्नो सेवामा सामेल गर्दछ।

**हामी तपाईंहरुबाट जानकारी चाहन्छौं**

- कंप्यूटर र इंटरनेटलाई सार्थक तरिकाले उपयोग गर्न तपाईंका के-कस्ता अवरोधहरु छन्?
- तपाईंलाई किफायती र भरपर्दो इंटरनेट अनि कंप्यूटर पाउन र आफ्नो कंप्यूटर कौशल विकसित गर्नमा आफ्ना अनुभवहरु र अवरोधहरुको बारेमा जानकारी गराउनु होस्।
- तपाईंलाई कनेक्ट हुनमा के-कस्ता सहायताहरु चाहिन्छ?
- यदि डिजिटल कौशल शिक्षा केंद्रित कार्यक्रम उपलब्ध गराएको खंडमा, त्यसमा के सम्मिलित भएको देख्न चाहनु हुन्छ?
- के तपाईंले कुनै कार्यक्रम अथवा सेवाहरु पाउनु भयो जो उपयोगी थियो?
- ती व्यक्तिहरुसंग हामी कसरी सम्पर्क गर्न सक्छौं जसलाई कंप्यूटर/इंटरनेटमा पहुँच गर्न अथवा प्रयोग गर्नमा मद्दतको आवश्यकता हुन सक्दछ? कुन भरपर्दो सामुदायिक साझेदारहरु छन् जसको साथमा हामी काम गर्न सक्छौं?

यदि तपाईंका कुनै प्रश्नहरु छन्, भने vcbb.info@vermont.gov मा ईमेल गर्नुहोस्।